संवत् २०८१ साल साउन २२ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहानगर कार्यपालिका बैठक संख्या : ००१/२०८१/२०८२

| क्र.सं. | महाशाखा/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १. | योजना/आर्थिक प्रशासन शाखा | आ.व. २०८०/०८१ मा भुक्तानी हुन नसकी दायित्व सिर्जना भएका साथै म. ले. प. फा. नं. २२१ स्वीकृत गरी र योजना तथा कार्यक्रमहरुको आ.व. २०८१/०८२ मा भुक्तानी गर्ने । |
| २.(क) | राजश्व/प्रशासन शाखा | मिति २०८१ असार ३१ गतेको नगर प्रमुख स्तरीय २०८१ साउन १ देखि ठेक्का नलागुन्जेलसम्मका पालुङ क्षेत्रमा करार सम्झौता बमोजिम सुविधा पाउने गरी कार्यालयको काममा बाधा नपर्ने गरी नगर प्रहरी खटाउने र आग्रा र बज्रबाराही क्षेत्रका लागि सम्बन्धित वडाका वडा अध्यक्षबाट सिफारिस १/१ जना कर संकलकका रुपमा खटाउने निर्णय अनुमादन गर्ने । |
| २.(ख) | राजश्व शाखा | नगरपालिकाको स्वीकृती विना नगर क्षेत्र बाहिरबाट ढुङ्गा, गिट्टी, वालुवा ल्याई नगरमा प्रशोधन गर्न नदिने । |
| ३. | योजना शाखा | योजना महाशाखाबाट पेश भएको तपसिल बमोजिमको योजना कार्यान्वयन तालिका स्वीकृत गर्ने: **योजना कार्यान्वयन कार्यतालिका** (तल तालिका हेर्नुहोस्) |

**उपभोक्ता समितिबाट कार्यान्वयन हुने परियोजनाको कार्यतालिका**

| योजना तथा कार्यक्रम | समय तालिका | कैफियत |
|---|---|---|
| उपभोक्ता समिति गठन | २०८१ भदौ २० गतेसम्म | |
| लागत अनुमान तयार | 20८१/०५/२० गतेसम्म | |
| उपभोक्ता समिति प्रशिक्षण | २०८१ असोज १० गतेसम्म | |
| सम्झौता | २०८१ कार्तिक मसान्तसम्म | |
| कार्य सम्पन्न | २०८१ चैत्र मसान्तसम्म | |
| **ठेक्का मार्फत् परियोजना कार्यान्वयन कार्यतालिका** | | |
| लागत अनुमान तयार | २०८१ भाद्र मसान्तसम्म | |
| सूचना प्रकाशन | २०८१ असोज मसान्तभित्र | |
| सम्झौता | २०८१/०८/२० भित्र | |

| क्र.सं. | महाशाखा/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| ४.१ | उद्योग विकास/राजश्व शाखा | आर्थिक ऐन, २०८१ मा रहेको उद्योग, व्यापार तथा व्यवसाय दर्ता कार्यविधि, २०७७ (पहिलो संशोधन २०८०) को दफा १२ मा भएको व्यवस्थालाई तपसिल बमोजिम व्याख्या गर्ने ।<br>*क) व्यवसायीले व्यवसाय दर्ता गरेको आर्थिक वर्षमा कुनै पनि किसिमको जरिवाना लाग्ने छैन तर आगामी आर्थिक बर्षको लागि पौष मसान्त भित्र व्यवसाय कर तिरेमा जरिवाना नलाग्ने तर माघ महिना देखि असार मसान्तसम्म २५ प्रतिशत जरिवाना लिई असूलउपर गरिनेछ ।* |
| ४.२ | प्रशासन शाखा | यस नगरपालिकामा कार्यरत वरिष्ठ सहायक पाँचौं प्रकाश कुमार लामा थिङलाई स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ३० (१) र (२) बमोजिम मिति २०८१/०४/०१ गतेदेखि ज्येष्ठता कायम हुने गरी तहवृद्धि गर्ने । |
| ४.३ | प्रशासन/स्वास्थ्य शाखा | पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा स्वयं सेवकको रुपमा कार्य गर्दै आउनु भएका स्टाफ नर्स मनिशा थापा, स्टाफ नर्स (सहायक पाँचौ) को कार्य सन्तोषजनक |

| | | |
|---|---|---|
| | | देखिएकोल करार सेवामा पदपुर्ति गरिदिन स्वास्थ्य केन्द्रको सिफारिस प्राप्त हुन अएकोमा पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा विरामीको चाप हेर्दा कर्मचारी तत्काल पदपुर्ति गर्न आवश्यक समेत रहेकोले सो पदको लागि तोकिएको शुरु तलब सुविधा दिने गरी नियुक्ति गर्ने । |
| ४.४ | आर्थिक प्रशासन /प्रशासन शाखा | थाहा नगरपालिकाले नेपाल नगरपालिका संघमा नियमानुसार बुझाउनु पर्ने सदस्यता शुल्क दिने । |
| ४.५ | योजना/प्रशासन शाखा | थाहा नगरपालिकाको आ.व. २०८०/०८१ को वार्षिक समीक्षा कार्यक्रम मिति २०८१ भदौ १६ गते आइतबारका दिन आयोजना गर्ने । |

(हिरेन्द्र कुमार रायमाझी)

प्रवक्ता